जिल्ला प्रशासन कार्यालय काठमाडौं दर्ता नं
११/२०७२/७४

# पूर्व न्यायाधीश फोरम, नेपाल

## Former Judges Forum, Nepal

काठमाडौं महानगरपालिका वडा नं ३२ ...नगर
Email: exjudges@hotmail.com

कार्य समितिका पदाधिकारीहरु

अध्यक्ष
श्री टोपबहादुर सिंह
९८५१०१४३६१

उपाध्यक्ष
प्रा. पवनकुमार ओझा
९८५१०८८८०२

महासचिव
श्री शम्भुबहादुर खड्का
९८५१०९२२६५

सचिव
श्री युवराज सुवेदी
९८४१२०८९६१

कोषाध्यक्ष
श्री यज्ञप्रसाद बस्याल
९८४१६९०५२९

सदस्य
श्री राजेन्द्रकुमार भण्डारी
९८४१५५४७७८

सदस्य
श्री लोकेन्द्र मल्लिक
९८५१०६३४४०

सदस्य
श्री गोविन्दकुमार श्रेष्ठ
९८५१००३०६९

सदस्य
श्री रमेश पोखरेल
९८५१००१७११

सदस्य
श्री प्रभा बस्नेत
९८४१४५२८३१

सदस्य
श्री चण्डिराज ढकाल
९८४१६७२८१९७

सदस्य
श्री हेमराज पन्त
९८५१११०३११

सदस्य
श्री नारायणप्रसाद शर्मा
९८४१२२३४६९

### पूर्व न्यायाधीश फोरम, नेपालबाट जारी भएको प्रेस विज्ञप्ति

मिति २०७७।०८।३० र मिति २०७८।०१।१० मा जारी भएको संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) प्रथम संशोधन अध्यादेशबाट संवैधानिक परिषदको आवश्यक गणपूरक संख्यामा नै संशोधन गरी ५२ जना संवैधानिक पदाधिकारीहरुमा भएको नियुक्तिहरु असंवैधानिक रहेकोले बदर गरीपाउँ भनी विभिन्न मितिमा परेका रिट निवेदनहरुको किनारा गर्न गठित संवैधानिक इजलासले मिति २०८२।०३।१८।४ मा जारी गरेको निर्णय आदेशका निम्न बुँदामा यस फोरमको ध्यानाकर्षण हुन गएको छ।

१. संविधानको उद्देश्य कार्यान्वयनका लागि संविधान बमोजिम विधायिकाले विधायिकी शक्ति प्रयोग गरी जारी भएको ऐनलाई कार्यकारिणी अधिकार अन्तर्गत जारी भएको अध्यादेशबाट संविधान र ऐनको मर्म विपरित गणपूरक संख्या समेत घटाउँन मिल्दैन। त्यसरी गणपूरक संख्या घटाउने गरी जारी गरिएको अध्यादेशले संवैधानिक एवम् विधायिकी उद्देश्य नै समाप्त गरेको छ। त्यस्तो असंवैधानिक अध्यादेशको आधारमा संवैधानिक पदाधिकारीहरुमा भएको नियुक्तिलाई संवैधानिक इजलासले सदर गरको छ। यस्तो आदेशले कार्यकारिणी निरंकुशता बढाउँनमा मद्दतपुऱ्याउनका साथै संवैधानिक सर्वोच्चताको मान्यतालाई धराशायी गरेको छ।

२. नेपालको संविधानको धारा २९२(१) मा उल्लेख भएको संसदीय सुनुवाई सम्वन्धी बाध्यात्मक व्यवस्थालाई निस्तेज गर्ने अधिकार विधायिकाले प्राप्त गर्न सक्दैन। संविधानको उक्त धाराले कुनै प्रतिवन्ध नलगाएको अवस्थामा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य संचालन) नियमावली, २०७५ को नियम २६(२) को प्रतिवन्धात्मक वाक्यांशले संविधानको उक्त धारामा नै प्रतिवन्ध लगाएको भनी गरिएको व्याख्या र संसदीय नियमावलीलाई संविधानको हैसियतमा राखेगरी गरिएको व्याख्या त्रुटिपूर्ण र गलत छ।

३. संवैधानिक पदाधिकारीहरुको नियुक्ति सदर गरी रिट निवेदन खारेज गरिएको वहुमत वा अल्पमत के हो नछुटिएको रायमा संसदीय सुनुवाईको अनिवार्यतालाई स्वीकार गरी एक जना न्यायाधीशले परमादेश समेत जारी गरिएको आदेश परस्पर विरोधाभापपूर्ण भई अन्यौल सिर्जना गरेको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौं दर्ता नं
३१/२०७१/७४

# पूर्व न्यायाधीश फोरम, नेपाल

# Former Judges Forum, Nepal

काठमाडौं महानगरपालिका वडा नं [illegible], बानेश्वर/नयाँ बानेश्वर...
Email: exjudges@hotmail.com

कार्य समितिका पदाधिकारीहरु

अध्यक्ष
श्री टोपवहादुर सिंह
९८५१०१४७४१

उपाध्यक्ष
प्रा. पवनकुमार ओझा
९८५१०८८८०२

महासचिव
श्री शम्भुवहादुर खड्का
९८५१०९२२६५

सचिव
श्री युवराज सुवेदी
९८४१२०८९६१

कोषाध्यक्ष
श्री यज्ञप्रसाद बस्याल
९८४१६९०५२९

सदस्य
श्री राजेन्द्रकुमार भण्डारी
९८४१५५४७७८

सदस्य
श्री लोकेन्द्र मल्लिक
९८५१०६३४४०

सदस्य
श्री गोविन्दकुमार श्रेष्ठ
९८५१००३०६९

सदस्य
श्री रमेश पोखरेल
९८५१००१७११

सदस्य
श्री प्रभा बस्नेत
९८४१४५३८९१

सदस्य
श्री चण्डिराज ढकाल
९८४९७२८११७

सदस्य
श्री हेमराज पन्त
९८५१११०३११

सदस्य
श्री नारायणप्रसाद शर्मा
९८४१२२३४६९

२/४

४. शक्ति पृथकीकरणको सिद्धान्त वमोजिम न्यायपालिकाले आफ्नो स्वतन्त्रता आफैले जोगाउनु पर्ने हुन्छ। अदालतको १८ गतेको निर्णय आदेशले न्यायपालिकाको स्वतन्त्रता स्वयं सर्वोच्च अदालतले रक्षा गर्न नसकी न्यायपालिका उपर राजनीतिको छायाँ पार्न सघाएको आम धारणा रहेको आभाष भएको छ।

५. संवैधानिक इजलास जस्तो गरिमामय इजलासवाट रिट निवेदन र आदेश समेतमा उल्लेख भएका हरेक मागदावी संवोधन हुनेगरी आदेश जारी गरिनु पर्नेमा, सो तर्फ गम्भीरतापूर्वक ध्यान दिएको पाइएन।

६. यस्ता राष्ट्रिय महत्वका गम्भीर संवैधानिक विवादहरुको तत्काल निरुपण गरिनु पर्ने हुन्छ। तर, संवैधानिक इजलासले अपेक्षित समयमा निरुपण नगरी पटक पटक सुनुवाई र निर्णयको मितिसमेत सारी निर्णय आदेश गर्नाले न्यायपालिका प्रति जनसाधारणको आस्था गुम्नजाने आशंका भएकाले स्वयं न्यायपालिकाले जनआस्था गुम्न नदिने तर्फ सतर्क नरहेमा न्यायकर्मीको सक्षमतामा नै प्रश्न उठ्न जाने र न्यायिक मूल्य मान्यताको समेत ह्रास हुन जाने हुन्छ।

मितिः२०८२।०३।२६

टोपवहादुर सिंह
टोपवहादुर सिंह
अध्यक्ष